नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ३२ २०८१ साल भदौं ८ गते शनिबार (24 Aug. 2024 Saturday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मन्त्रिपरिषद् निर्णय सार्वजनिक, ३ पृष्ठमा : मुसहर समुदायद्वारा गृहमन्त्री ... ३ पृष्ठमाभारतीय प्रधानमन्त्री मोदी युक्रेनमा.

## बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु प्रकरण

# हनुमाननगरमा टायर बालेर प्रर्दशन तथा चक्का जाम, प्रर्दशनकारीद्वारा एम्बुलेन्स तोडफोड





**दैनिक समाचारदाता**
**राजविराज, ७ भदौं ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ५ योगिनीयामा बिहीबार साँझ बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएपछि शुक्रबार बिहानैदेखी हनुमानगर बजार क्षेत्र तनावग्रस्त बनेको छ ।

भारदह-राजविराज सडक खण्डको जोगिनीयामा बिराटनगरबाट राजविराजतर्फ आउँदै गरेको को.३०प. ८१०९ नम्बरको मोटरसाईकललाई सोही दिशाबाट आउदै गरेको को.१ख. ४०४६ नम्बरको एसके डिलक्स नामक यात्रु बाहक वसले पछाडीबाट ठक्कर दिएको थियो ।

ठक्करबाट मोटरसाईकल चालक हनुमाननगर कंकालिनी नगरपालिका ७ का १७ वर्षिय ध्रुव मण्डल टाउको र शरीरको विभिन्न भागमा चोट लागेर गम्भिर घाईते भएका थिए । घाइते मण्डललाई प्रहरीले तत्कालै उपचारका लागी राजविराजस्थित गजेन्द्र नारायण सिह अस्पताल ल्याउदा चिकित्सकले मृत घोषणा गरेको थियो ।

प्रहरीले गाडी र चालक राजविराज नगरपालिका ८ निवासी रमेश कुमार राउतलाई नियन्त्रणमा लिएको छ । चालकमाथी सवारी ज्यान मुद्दा अन्तर्गत कारवाही हुने प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले बसले मोटरसाइकल चालक मण्डललाई ठक्कर दिएपछी तत्कालै अस्पताल पुऱ्याईएकोमा चिकित्सकले मृत घोषित गरेको बताए ।

सो घटनापछी आक्रोशित आफन्तजन र स्थानीयवासीयले विहीवारै साँझ इलाका प्रहरी कार्यालय अगाडी टायर बालेर प्रर्दशन गरेका थिए । सोही प्रर्दशनलाई शुक्रवार पनि निरन्तरता दिदै स्थानीयले विहानैदेखी बजार क्षेत्रमा टायर बालेर प्रर्दशन, बीच सडक मै बेन्च र खाट राखेर चक्काजाम तथा बजार बन्द गराएका छन ।

प्रर्दशनमा पुर्वसासद अशोक कुमार मण्डल, वडाअध्यक्ष, आफन्तका साथै सर्वसाधारण सहभागी थिए । स्थानीयले बसको ठक्करबाट मण्डलको घटनास्थल मै मृत्यु भएको दाबीका साथ प्रहरीले सर्जमिन मुचुल्का प्रक्रिया पुरा नगरी मण्डलको शव घटनास्थलबाट हतार हतारमा लगेको आरोप लगाएका छन । उनीहरुले घटनाको छानवीन, दोषीलाई कारवाही तथा मृतक परिवारलाई उचित क्षतीपुर्ती दिनु पर्ने लगायतका माग अघि सारेका छन ।

प्रहरीले भने मण्डलको घटनास्थलमा मृत्यु नभएको र गम्भिर अवस्थामा रहेका उनलाई पहिला उपचारस्थलमा पुऱ्याई बचाउनु पर्ने भएकोले अस्पताल लगिएको दाबी गरेको छ ।

यता तनाव बढ्दै गएपछी ठूलो संख्यामा नेपाल र सशस्त्र प्रहरी परिचालन गरिएको तथा प्रर्दशनकारीलाई सम्झ्याई बुझाई वार्ताको माध्यमबाट समाधानको प्रयास भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसैबीच बन्दको नाममा प्रर्दशनकारीले एक एम्बुलेन्सबाट गर्भवती महिलालाई ओराली तोडफोडका साथै चालकमामाथी आक्रमण गरी घाइते बनाएका छन् ।

सोको बिरोधमा सदरमुकाम राजविराजमा एम्बुलेन्स चालकहरु पनि आन्दोलित भएका छन । राजविराज-हनुमाननगर सडक खण्डको जिल्ला स्वास्थ्य कार्यालय अगाडी बीच सडक मै एम्बुलेन्सहरु तेर्स्याएर चक्काजाम गर्दै एम्बुलेन्स चालकहरुले प्रर्दशन गरेका छन ।

एम्बुलेन्स चालक संघ सप्तरीका अध्यक्ष सुदिलाल साहका अनुसार प्रर्दशनकारीले जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि.द्वारा संचालित एम्बुलेन्समा ढुगामुढा गरी तोडफोड गर्नुका साथै चालक महिनारायण यादवमाथी कुटपीट गरेका छन ।

कुटपिटबाट घाईते भएका चालक यादवको स्थानीय गजेन्द्र नारायण सिह अस्पतालमा उपचार भइरहेको छ । कुटपिट र तोडफोडमा संलग्नहरुलाई अविलम्ब पक्राउ, घाइतेको उपचार व्यवस्था मिलाउन तथा एम्बुलेन्सलाई निर्वाद रुपमा संचालन गर्न पाउनु पर्ने माग एम्बुलेन्स चालक संघको रहेको छ ।

## भारतीय यात्रु बोकेको बस नदीमा खस्यो, २७ को मृत्यु



**दैनिक समाचारदाता**
**काठमाडौं, ७ भदौ ।**

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-२ ऐना पहरामा भएको बस दुर्घटनामा परी २७ जनाको मृत्यु भएको छ ।

पोखराबाट काठमाडौंतर्फ जाँदै गरेको भारतीय यात्रु बोकेको युपी ५३ एफटी ७६२३ नम्बरप्लेटको बस मस्याङ्दी नदीमा खसेको हो ।

२६ जनालाई आँबुखैरेनीमै मृत घोषणा गरिएको र एकजनाको भरतपुरमा मृत्यु भएको प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले जानकारी दिए । उनका अनुसार दुर्घटनाको कारण खुलेको छैन । मृतकहरूको सनाखत भैसकेको छैन ।

यस्तै १६ जनालाई उपचारका लागि काठमाडौँ लगिएको जानकारी प्रमुख जिल्ला अधिकारी गौतमले दिए । उनीहरू भारतबाट पोखरा हुँदै काठमाडौं आउँदै थिए ।

गण्डकी प्रदेश प्रहरी कार्यालयका एसएसपी रवीन्द्र रेग्मीका अनुसार चालका दलका दुई जना र ४१ यात्रु भारतीय नागरिक रहेका थिए । घटना भएपछि भारतीय दूतावासका प्रतिनिधि समेत तनहुँ पुगेका छन् ।

दुर्घटनामा अनंत ओंकर ईंगके, सिमा ईंगदे, सुहास राणे, शरण राणे,

***बाँकी अन्तिम पृष्ठमा***


# जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : तिरहुत गाउँपालिका, सप्तरी

## सम्पादकीय

### जनचेतनाका लागि अभियान

छिमेकी छिमेकीबीच, आपसी असमझदारी तथा मादक पदार्थ सेवन गरेर झै-झगडाका घटनाहरु भइरहेका हुन्छन् । यस्ता घटनाले सामाजिक सदभाव तथा आपसी भाइचारा खलबलाउन सक्ने सम्भावना समेत बढ्ने हुन्छ । यस्ता घटनाहरुबारे जनचेतना अभियान आवश्यक छ । त्यस्तै आत्महत्याका घटनाहरु पनि उत्तिकै बढेको छ । घरायसी विवाद, व्यापार घाटा, बैदशिक रोजगारीमा असफल, बित्तिय संस्थाको ऋण, प्रेममा असफल तथा पति पत्निबीचको द्वन्दले यस्ता घटनाहरु भइरहेको प्रहरीको अर्को तथ्याङकले देखाउछ । यसैगरि कुटपिटका घटनाहरु पनि जिल्लामा बढेर गएको छ । कुनै न कुनै वहानामा छिमेकी छिमेकीको झगडा तथा अन्य पुरानो रिसिइबीले यस्ता घटनाहरु भइरहेको प्रहरीको तथ्याङ्कले देखाएको छ ।

यी तीनै घटनाहरु एक आसपमा मिल्दो जुल्दो रहेको छ । यस्ता घटनाहरुलाई निरुत्साहित गर्न समाजिक स्तरबाटै उपाय खोज्नु पर्ने आवश्यकता रहेको छ । यस्ता घटनाले व्यक्ति व्यक्तिबीच द्वन्द र परिवारको सुःख, समृद्धिमा निरास मात्र उत्पन्न गराउने गर्दछ । यसका लागि समाजिक स्तरसँगै सरोकारवाला निकाय समेतले जिम्मेवारी पूर्ण भूमिका निर्वाह गर्न सकिए पक्कै पनि यी घटनाहरुलाई निरुत्साहित गर्न मद्दत मिल्ने छ ।

तसर्थ यस्ता घटनाहरु न्युनिकरणका लागि सम्पूर्ण सरोकारवाला निकाय, स्थानिय तहका पदाधिकारी लगायतले जनचेतनामूलक अभियानलाई अझै गम्भिरतापूवर्क जनस्तर सम्म पुऱ्याउन भूमिका आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# मन्त्रिपरिषद् निर्णय सार्वजनिक, द्रुतमार्गको जग्गा प्राप्ति गर्न स्वीकृति

काठमाडौँ, ७ भदौ (रासस) ।

सरकारले काठमाडौँ-तराई-मधेस द्रुतमार्ग सडक आयोजनाका लागि मकवानपुर जिल्लामा जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गरेको छ ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त आयोजनाका लागि करिब ३३ हजार नौ सय ७५ वर्गमिटर जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिनुभयो । सरकारले नेपाल आयल निगम लिमिटेडलाई जितपुर सिमरा उपमहानगरपालिकामा करिब पाँच बिघा जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने निर्णयसमेत गरेको छ ।

बैठकले ललितपुर महानगरपालिकालाई गणतन्त्र कोरियाको चिवर-गुन नगरसँग भगिनी सम्बन्ध स्थापना गर्न पूर्वस्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । सामाजिक सञ्जाल टिकटकको प्रयोगमा लगाइएको रोक तोकिएका शर्तहरु पालना गर्नेगरी हटाउने निर्णय पनि सरकारले गरेको छ । तोकिएका शर्त पूरा भएपछि सरकारको यो निर्णय कार्यान्वयनमा जाने पनि सञ्चारमन्त्री गुरुङले बताउनुभयो ।

त्यसैगरी, विज्ञापन बोर्ड र सुरक्षण मुद्रण केन्द्रमा चालु आर्थिक वर्षका लागि अधिकृतस्तरको १६ वटा अस्थायी दरबन्दी सिर्जना गर्न स्वीकृति दिने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ ।

बैठकले यही भदौ ११ देखि १३ गतेसम्म उज्वेकिस्तानमा आयोजना हुने 'मल्टिडाइमेशनल पोभर्टी पियर नेटवर्क'सम्बन्धी बैठकमा सहभागी हुन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारीलाई स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । त्यस्तै आगामी कात्तिक २२ देखि २४ गतेसम्म कोलम्बियाको बोगोटामा आयोजना हुने 'फर्स्ट ग्लोबल मिनिस्टियरियल कन्फेरेन्स अन इन्डिङ भाइलेन्स अगेन्ष्ट चिल्ड्रेन' मा सहभागी हुन महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीलाई स्वीकृति प्रदान गर्ने मन्त्रिपरिषद् बैठकले निर्णय गरेको छ ।

त्यस्तै यही भदौ २७ र २८ गते ब्राजिलमा आयोजना हुने 'वान प्लानेट नेटवर्क फोरम, २०२४' कार्यक्रममा सहभागी हुन वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीलाई स्वीकृति प्रदान गर्ने मन्त्रिपरिषद् बैठकले निर्णय गरेको छ । बैठकले राष्ट्रिय सहकारी विकास बोर्डको रिक्त सदस्य-सचिव पदमा रुपन्देहीका डा खगराज शर्मालाई नियुक्त गर्ने निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिनुभयो ।

# पूर्वाधार क्षेत्रमा लगानी भित्र्याउने लक्ष्यका साथ 'पूर्वाधार सम्मेलन'

काठमाडौँ, ७ भदौ (रासस) ।

पूर्वाधार क्षेत्रमा लगानीको विविधता खोज्ने तथा औद्योगिक वातावरण तयार खोज्ने उद्देश्यका साथ यही भदौ २७ र २८ गते पाँचौ पूर्वाधार सम्मेलनको आयोजना हुने भएको छ ।

पूर्वाधार क्षेत्रमा नवप्रवर्तनको प्रवर्द्धन, रोजगारी सिर्जना गर्दै समग्र आर्थिक विकासका लागि नेपाल उद्योग परिसङ्घको आयोजनामा उक्त सम्मेलन आयोजना हुन लागेको शुक्रबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

परिसङ्घ मुख्य आयोजक रहने उक्त सम्मेलनको सहआयोजकमा लगानी बोर्डको कार्यालय रहेको छ । समृद्ध अर्थतन्त्र निर्माणको आधार पूर्वाधार विकास भएकाले त्यसलाई प्रमुख प्राथमिकतामा राखेर आयोजना हुने सम्मेलनको मुख्य नारा 'रणनीतिक लगानीमार्फत दिगो विकास' रहेको छ ।

दिगो विकास लक्ष्य हासिल गर्न सन् २०३० सम्म वार्षिक रु २० खर्ब बढी लगानी जरुरी रहेको छ । राष्ट्रिय योजना आयोगले तयार पारेको विवरण अनुसार, पूर्वाधारको विकासका लागि एकीकृत एवम् सामूहिक लगानीको जरुर छ । परिसङ्घको अध्ययन अनुसार दिगो विकास लक्ष्य हासिल गर्न पूर्वाधार क्षेत्रमा मात्रै एक खर्ब ३० अर्ब अमेरिकी डलर लगानी आवश्यक रहेको उल्लेख छ ।

परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालका अनुसार, पूर्वाधार क्षेत्रमा स्रोतको अभाव भइरहेको बेला सम्मेलनले एउटा मार्ग तय गर्नेछ । पूर्वाधारमा धेरै लगानी आवश्यक तर स्रोतको अभाव भइरहेको अवस्थामा के कसरी स्रोत जुटाउन सकिन्छ र अन्तर्राष्ट्रिय अभ्यास के छन् भन्ने बारेमा गहन रुपमा सम्मेलनमा छलफल हुने उहाँले जानकारी दिनुभयो ।

लगानी बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत प्रद्युम्नप्रसाद उपाध्यायले गत लगानी सम्मेलनका क्रममा शो केशमा राखिएका आयोजनालाई सम्मेलनका क्रममा पुनः पछिल्ला प्रगतिसहित प्रस्तुत गरिने बताउनुभयो ।

पूर्वाधारका लागि लगानी प्रवर्द्धन, पूाधार विकासका सफल अभ्यास, पूर्वाधार क्षेत्रको विकासमा रहेका अवरोधलगायतका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पूर्वाधार विज्ञ, लगानीकर्ता, तीनै तहका सरकार र निजी क्षेत्रका प्रतिनिधिबीच गहन छलफल हुनेछ ।

# भ्रष्टाचार मुद्दामा पाँच वर्षे हद म्यादको विरोध

काठमाडौँ, ७ भदौ (रासस) ।

भ्रष्टाचार मुद्दामा अनुसन्धानका लागि पाँच वर्षे हद म्यादको प्रावधान राख्न खोज्ने प्रमुख दलको नियतविरुद्ध नागरिक समाज आन्दोलित भएको छ ।

'सुशासनको प्रत्याभूति गर, नागरिक निराशालाई आशामा अनुवाद गर' भन्ने आग्रह गर्दै बिहीबार मानवअधिकार तथा शान्ति समाज काठमाडौँ शाखाले जोरपाटी चोकमा शान्तिपूर्ण प्रदर्शनीको आयोजना गरेको हो ।

भ्रष्टाचारीलाई दण्डित गर्ने कानुन बनाऊ, भ्रष्टाचारमा चोख्याउने चेष्टा नगर, नीतिगत भ्रष्टाचारको श्रृङ्खला अन्त्य गर, हद म्यादको कसरत संसद्लाई बद्नाम बनाउने अभ्यास बन्द गरजस्ता भ्रष्टाचार विरुद्ध विभिन्न नारा लेखिएका प्लेकार्डसहित पाँच दर्जन नागरिक अधिकारकर्मीको सहभागिता रहेको शान्ति समाज काठमाडौँ शाखाका सभापति भगवान् पुडासैनीले जानकारी दिनुभयो ।

कार्यक्रममा समाजका केन्द्रीय सभापति रामकृष्ण बराल, सल्लाकार उत्तम पुडासैनी र भ्रष्टाचार विरुद्धका अभियानकर्मी किरण केसीलगायतले अबको आन्दोलन भ्रष्टाचारविरुद्ध हुनुपर्नेमा जोड दिनुभयो ।




अनुरोधकर्ता : बोदेबरसाईन नगरपालिका, सप्तरी

# मुसहर समुदायद्वारा गृहमन्त्री लेखकलाई ज्ञापनपत्र



सिरहा, ७ भदौ (रासस)।

गृहमन्त्री रमेश लेखकलाई यहाँका दलित मुसहर समुदायले नागरिकतासम्बन्धी समस्या समाधानका लागि शुक्रबार ज्ञापनपत्र बुझाएका छन्। लहान नगरपालिकाको सभाकक्षमा आयोजित एक कार्यक्रमबीच 'सवरी सङ्कल्प समाज' नामक गैरसरकारी संस्थाका अगुवाले गृहमन्त्री लेखकलाई ज्ञापनपत्र बुझाएका हुन्। उक्त ज्ञापनपत्रमा मुसहर समुदायलाई नेपालका आदिवासी घोषित गर्नुपर्ने, वङ्शजका आधारमा नेपाली नागरिकता दिनुपर्ने, मुसहर समुदायका भूमिहीन सुकुम्बासीलाई खेतीगोग्य जमिन र घरबासको व्यवस्था गर्नुपर्नेलगायतको पाँच बुँदे माग रहेको छ।

ज्ञापनपत्र बुझ्दै गृहमन्त्री लेखकले मुसहर समुदायको समस्यालाई गम्भीरतापूर्वक अध्ययन गर्ने र समस्या समाधानका लागि पहल गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "तपाईहरुको समस्याप्रति मेरो गम्भिर ध्यानाकर्षण भएको छ। यो तपाईहरुको मात्र नभएर राज्यकै समस्या भएकाले यसको समाधान गर्न उचित कदम चालिने छ।"

अधिकारकर्मी अरुण सदायले ज्ञापनपत्र बुझाउँदै मुसहर समुदाय पछाडि पर्नुमा राज्यको विभेदकारी नीति र अन्यायपूर्ण सामाजिक आर्थिक संरचना नै मुख्य कारक रहेको बताउनुभयो। साथै उहाँले दलित समुदायभित्रको अति सीमान्तकृत समुदायको रुपमा रहेको मुसहर जातिको सामाजिक, राजनितिक, आर्थिक, शैक्षिक उत्थान नभएसम्म समृद्ध राष्ट्रको कल्पना गर्न नसकिने बताउनुभयो।

मधेश प्रदेशमा मुसहर समुदायको सङ्ख्या दुई लाख ४७ हजार पाँच सय ५५ रहेको तथ्याङ्क छ। अधिकांश मुसहर समुदायका नागरिक नागरिकताविहीन छन्।

# संक्रमणकालीन न्यायसम्बन्धी विधेयक पारित भएकामा राष्ट्रसंघद्वारा स्वागत, नेपाल सरकारलाई सघाउने प्रतिबद्धता

काठमाडौँ, ७ भदौ (रासस)।

संयुक्त राष्ट्रसङ्घले सङ्क्रमणकालीन न्यायसम्बन्धी शान्ति प्रक्रियाका बाँकी कामलाई पूर्णता दिन बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरुपण तथा मेलमिलाप आयोगलाई आवश्यक पर्ने ऐन, कानुन बनाउने विधेयक सङ्घीय संसद्का दुवै सदनबाट पारित भएकामा स्वागत गरेको छ।

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्का उच्चायुक्त भोल्कर टर्कले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक नेपालका दुवै सदनबाट पारित भएकामा त्यसको स्वागत गर्दै विधेयकको कार्यान्वयन पीडितकेन्द्रित हुनुपर्नेमा जोड दिनुभएको छ।

शान्ति सम्झौता भएको १८ वर्षपछि पारित भएको उक्त विधेयक नेपालमा दिगो शान्ति स्थापनामा कोशेढुङ्गा सावित हुने विश्वास व्यक्त गर्दै उहाँले सत्य निरुपण र मेलमिलापसम्बन्धी सबै मुद्दा निरुपण गर्न सहज हुने बताउनुभएको छ।

बिहीबार राति जेनेभामा जारी गर्नुभएको वक्तव्यमा उच्चायुक्त टर्कले पारदर्शी ढङ्गले स्वतन्त्र व्यक्तिहरू दुवै आयोगमा पदाधिकारीहरू नियुक्त हुनुपर्नेमा जोड दिनुभएको छ। शान्ति प्रक्रियालाई सफलतापूर्वक तार्किक निष्कर्षमा पुर्‍याउने उदाहरणीय मुलुकका रुपमा नेपाल क्षेत्रीय एवं अन्तरराष्ट्रिय जगत्मा स्थापित भएको उल्लेख गर्दै उहाँले शान्ति प्रक्रियाको यो महत्त्वपूर्ण चरणमा नेपाल सरकारलाई हरतरहले सहयोग गर्न आयोग तत्पर रहेको बताउनुभएको छ।

# स्वास्थ्य बीमाको सुविधा थैली कार्यान्वयनमा

काठमाडौँ, ७ भदौ (रासस)।

स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत उपलब्ध गराइने सुविधा थैलीअन्तर्गतका सेवाको परिमार्जित विवरण र दर कार्यान्वयन गरेको छ।

स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत उपलब्ध गराइने सुविधा थैलीअन्तर्गतका सेवासुविधा लागू गरिएको बोर्डका जनस्वास्थ्य अधिकृत विकेश मल्लले जानकारी दिनुभयो। बोर्डले परिमार्जन गरिएको सुविधा थैली गत साउन १ गतेदेखि लागू गर्ने भने पनि तयारी नपुगेको कारणले भदौदेखि लागू गरिएको हो।

बोर्डले विज्ञहरुको सुझावअनुसार र बजारको अवस्थालाई हेरेर सुविधा थैलीको सेवासुविधाको नयाँ दररेट कायम गरेको छ। नयाँ सुविधा थैलीमा स्वास्थ्य बीमाअन्तर्गत एक हजार दुई सय ९० प्रकारका औषधि छन्। अस्पताल टिकट रु ५० तोकिएको छ। शय्याको प्रतिदिन रु दुई सय ५० राखिएको छ। यसअघि साधारण शय्याको रु दुई सय थियो।

स्वास्थ्य बीमा कार्यक्रममाअन्तर्गत पाँचजना परिवारसम्मका लागि रु तीन हजार पाँच सय बराबरको योगदानका आधारमा रु एक लाखसम्मको स्वास्थ्य सेवासुविधा उपलब्ध गराइन्छ।

यस्तै, थप प्रतिसदस्य रु सात सयका दरले योगदान रकम थपिँदै जाने र प्रतिसदस्य रु २० हजार बराबरको सेवासुविधा थपिने प्रावधान छ। स्वास्थ्य बीमा कार्यक्रमको अधिकतम सेवा सुविधाको सीमा रु दुई लाखसम्म तोकिएको छ।

बीमा कार्यक्रममा कूल बीमित परिवार सङ्ख्या २३ लाख ९२ हजार ६ सय ७६ जना र कूल बीमित जनसङ्ख्या ७७ लाख ४१ हजार चार सय ८३ जना रहेको छ।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं

**अनुरोधकर्ता**

तिरहुत गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय

सप्तरी, मधेश प्रदेश

## विश्व समाचार

# भारतीय प्रधानमन्त्री मोदी युक्रेनमा, शान्तिका दूतका रूपमा प्रस्तुत हुने

किएभ, ७ भदौ (रासस/एएफपी)।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी युरोपेली दुई मुलुक पोल्याण्ड र युक्रेनको भ्रमणका शिलशिलामा शुक्रबार युक्रेनको राजधानी किएभ आइपुग्नुभएको छ। प्रधानमन्त्री मोदीले युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग शुक्रबार किएभमा भेटवार्ता गर्ने कार्यक्रम रहेको छ। रूसले युक्रेनमा आक्रमण सुरू गरेको साढे दुई वर्षपछि युक्रेनले रूसी भूमिमा ठूलो प्रतिआक्रमण गरेको केही दिनपछि मोदीले आफूलाई सम्भावित शान्ति दूतका रूपमा प्रस्तुत गरिरहनुभएको छ। मोदीले आफ्नो भ्रमणअघि भन्नुभएको थियो, "युद्धभूमिमा कुनै पनि समस्याको समाधान हुन सक्दैन जतिसक्दो चाँडो शान्ति र स्थिरताको पुनर्स्थापनाका लागि भारत वार्ताभरू र कूटनीतिक पहलको पक्षमा छ।" उहाँ युक्रेनको भ्रमण गर्ने पहिलो भारतीय प्रधानमन्त्री हुनुहुन्छ। रूसको पश्चिमी कुर्स्क क्षेत्रमा युक्रेनले गरेको आक्रमणपछि मस्को र किएभबीच कूटनीतिक सफलता पहिलेभन्दा बढी असम्भव देखिएको छ।युक्रेनका धेरैले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको निकै नजिकको रूपमा हेरेका मोदी स्वयं एक प्रभावकारी सम्झौताकर्ता हुन सक्नुहसन्छ वा हुँदैन स्पष्ट छैन। मोदीले जेलेन्स्कीसँग जारी युक्रेन द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि दृष्टिकोण आदानप्रदान गर्नुका साथै भारत र युक्रेनबीचको मित्रतालाई अझ प्रगाढ बनाउने विषयमा छलफल गर्ने योजना रहेको बताउनुभयो। युक्रेन प्रस्थान गर्नुअघि उहाँ बिहीबार पोल्याण्ड पुग्नुभएको थियो। "एक मित्र र साझेदारको रूपमा हामी यस क्षेत्रमा शान्ति र स्थिरताको शीघ्र पुनरागमनको आशा गर्दछौं," मोदीले भ्रमणअघि सामाजिक सञ्जालमा भन्नुभएको छ। जेलेन्स्कीले मोदीसँगको भेटमा 'धेरै दस्तावेजमा पनि हस्ताक्षर हुने अपेक्षा गरिएको' बताउनुभएको छ।

**भारतीय कूटनीति-**

भारत र रूसबीच ऐतिहासिक रूपमा न्यानो सम्बन्ध भए तापनि भारतले आफ्नो क्षेत्रीय प्रतिद्वन्द्वी चीनविरुद्ध पश्चिमी राष्ट्रहरूसँग घनिष्ठ सुरक्षा साझेदारीलाई पनि बलियो बनाएको छ।नयाँदिल्लीले सन् २०२२ मा रूसले गरेको आक्रमणको स्पष्ट निन्दा गरेको छैन भने क्रेमलिनको आलोचना गर्ने संयुक्त राष्ट्रसङ्घको प्रस्तावमा अनुपस्थित भएको थियो। तर, भारतले दुवै पक्षलाई प्रत्यक्ष वार्ताको माध्यमबाट आफ्ना मतभेदहरू समाधान गर्न आग्रह गरेको छ।

**तर शान्ति सम्झौता पहिलेको भन्दा अहिले धेरै टाढा देखिन्छ।**

युक्रेनले सन् २०२२ मा पुटिनसँग प्रत्यक्ष वार्ता गर्न अस्वीकार गरेको थियो भने मस्कोले हालै रूसको पश्चिमी कुर्स्क क्षेत्रमा आश्चर्यजनक रूपमा जवाफी आक्रमणका बीच किएभसँग वार्ता नगर्ने बताएको थियो। रूसी नेता भ्लादिमिर पुटिनले यस वर्षको सुरुमा वार्ताको पूर्वशर्तका रूपमा किएभलाई मस्कोले कब्जा गरेको दाबी गरिएका युक्रेनका चार क्षेत्रहरूबाट आफ्ना सैनिकहरू फिर्ता बोलाउन माग गर्नुभएको थियो। किएभका अनुसार अस्थायी रूपमा लडाईं रोकिएमा मस्कोले भविष्यमा हुने कुनै पनि आक्रमणका लागि पुनः सङ्गठित हुन र पुनः आक्रमण गर्न समय दिनेछ।

# ह्यारिसद्वारा राष्ट्रपतिको उम्मेदवारका लागि मनोनयन दर्ता

सिकागो, ७ भदौ (रासस/सिन्ह्वा)।

अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले बिहीबार राति शिकागोको युनाइटेड सेन्टरमा आयोजित डेमोक्र्याटिक पार्टीको राष्ट्रिय सम्मेलनमा राष्ट्रपतिको उम्मेदवारका लागि मनोनयन दर्ता गर्नुभएको छ। यो उहाँको उम्मेदवारीका लागि पार्टीमा औपचारिक स्वीकृति हो। अमेरिकाको राष्ट्रपति पदका लागि उम्मेदवारी मनोनयन स्वीकार गर्दै डेमोक्र्याट्सको तर्फबाट अमेरिकाको नेतृत्व गर्ने पहिलो अश्वेत महिला उम्मेदवार ह्यारिसले सम्मेलनलाई सम्बोधन गर्नुभएको थियो। चुनावसँगै राष्ट्रसँग विगतको वैमन्सयता तथा विभाजनकारी लडाइँहरू पार गर्ने बहुमूल्य, अवसर रहेको भन्दै उहाँले आफ्नो उम्मेदवारी कुनै एउटा पार्टी वा समूहको रूपमा मात्र नभई अमेरिकाको तर्फबाट भएको बताउनुभयो। सम्बोधनमा ह्यारिसले भारतीय र अफ्रिकी मूलको प्रतिनिधिको रुपमा क्यालिफोर्नियाको महान्यायाधिवक्ता भई काम गरेको अनुभवलाईसमेत दर्शाउनुभएको गर्नुभयो। सम्बोधनमा ह्यारिसले मध्यम वर्गको निर्माण आफ्नो राष्ट्रपतीय यात्राको प्रमुख लक्ष्य हुने बताउँदै गर्भपतन अधिकार, आप्रवासन नीति र विदेश नीतिलगायत अन्य विषयहरूमा पनि विस्तृत रूपमा व्याख्या गर्नुभयो। ह्यारिसले पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यनीतिमाथि टिप्पणी गर्दै ट्रम्पलाई ह्वाइट हाउसमा फिर्ता राख्ने परिणाम 'अत्यन्त गम्भीर' हुने चेतावनी दिनुभयो। सामाजिक सञ्जालमा रिपब्लिकन राष्ट्रपति पदका उम्मेदवार ट्रम्पले ह्यारिसको भाषणको आलोचना गर्दै उहाँ पुराना 'अक्षमता' र 'कमजोरी'लाई लुकाउनका लागि उभिएको बताउनुभएको थियो।

# पाकिस्तानमा प्रहरीमाथि भएको रकेट आक्रमणमा १२ जनाको मृत्यु

लाहोर, पाकिस्तान, ७ भदौ (रासस/एएफपी)।

मध्यपाकिस्तानमा बिहीबार प्रहरीमाथि भएको रकेट आक्रमणमा मृत्यु हुनेको सङ्ख्या १२ पुगेको प्रहरीले शुक्रबार जनाएको छ। दक्षिणी सिन्ध र मध्य पञ्जाब प्रान्तका नदी किनारमा दशकौँदेखि सङ्गठित आपराधका गिरोहहरू सक्रिय छन्। "आक्रमणमा कम्तीमा बाह्र जना प्रहरी मारिएका छन् भने अन्य आठ जना घाइते भएका छन्," प्रहरी प्रवक्ता सैफ अली वेन्सले बताउनुभयो।पञ्जाब प्रान्तको रहिम यार खान जिल्ला हुँदै बिहीबार साँझ करिब २२ जना प्रहरी सवार दुईवटा प्रहरी गाडीहरू यात्रा गरिरहेका थिए जसमध्ये एउटा भ्यान बाढीमा फसेको हो। अपराधिक गिरोहले फसेका अधिकारीहरूलाई लक्षित गरी रकेट आक्रमण गरेको वेन्सले बताउनुभयो। आक्रमणको मुख्य अपराधी रातको कारबाहीमा मारिएको शुक्रबार प्रहरीले जारी गरेको एक विज्ञप्तिमा उल्लेख छ। "अपराधीहरूको पहिचान नभएसम्म अभियान जारी रहनेछ," विज्ञप्तिमा भनिएको छ। सेनाले सन् १९९० को दशकको सुरुमा सिन्धमा आपराधिक गिरोहविरुद्ध सशक्त कारबाही सुरु गरेको थियो। तर त्यसपछिको सरकारले प्रान्तमा कानुन र व्यवस्था कायम गर्न असफल भएपछि उनीहरू फेरी सक्रिय भएका छन्। प्रधानमन्त्री शाहबाज सरिफले आक्रमणकारी विरुद्ध 'तत्काल र प्रभावकारी कारबाही' गर्न आदेश दिनुभएको छ।

# चारबुँदे सहमति गर्दै तोडियो आमरण अनशन

**दैनिक समाचारदाता**
**धनुषाधाम, ७ भदौ ।**

हुलाकी राजमार्ग अन्तर्गत धनुषा र सिरहालाई जोड्ने कमला नदीमा नयाँ कमला पुल निर्माणको माग गर्दै चार दिनदेखि आमरण अनशनरत युवालाई मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले अनशन तोडा स्एका छन् ।

उनले अनशनकारीसँग वार्ताबाट चार बुँदै सहमति गर्दै जुस खुवाएर अनशन तोडाएका हुन् ।

हुलाकी सडकमा नयाँ कमला पुल निर्माण सङ्घर्ष समितिका संयोजक प्रविणकुमार यादव र मधेस प्रदेश सरकारका मुख्यमन्त्रीबीच कमला नदीमा नयाँ पुल निर्माण तत्काल सुरु गर्ने सहमतिपत्रमा हस्ताक्षर भएको छ ।

नयाँ पुल निर्माणका लागि आव २०८२/०८३ को वार्षिक बजेट सङ्घ सरकारबाट राख्न पहल नगरेमा सम्पूर्ण बजेट मधेस प्रदेश सरकारले व्यहोर्ने, २०८१ मङ्सिर १ गतेभित्रमा पुल निर्माणको डिपिआर तयारीका लागि बोलपत्र आह्वान गर्ने सहमति भएको छ ।

नयाँ कमला पुल निर्माण सङ्घर्ष समिति सिरहा र धनुषाको सङ्घर्षका सम्पूर्ण कार्यक्रम शुक्रबारकै मितिबाट स्थगित गरिने पनि सहमतिपत्रमा उल्लेख छ ।

गत भदौ ४ गतेदेखि सङ्घर्ष समितिको संयोजक यादवको नेतृत्वमा १० जना आमरण अनशनमा बसेका थिए । अनशनमा सिरहा पुस्तकालयका कार्यवाहक अध्यक्ष भोगेन्द्र यादव, सिरहा नगरपालिका-६ का अध्यक्ष इन्द्रजीत यादव, ४ का अध्यक्ष मोहम्मद समशाद आलम, औरही गाउँपालिका-४ का वडाअध्यक्ष सुरेन्द्रकुमार यादव, स्थानीय युवा मनिषकुमार यादव, ईन्जिनियर शैलेन्द्र यादव, सिरहा नगरपालिका-८ का सदस्य ईन्जिनियर रुपेश यादव र ईन्जिनियर शिवशंकर यादव, औरही गाउँपालिका-३ का वडाध्यक्ष जीवछ यादव बसेका थिए ।

सङ्घीयतापश्चात् हाम्रो अभिभावकत्व प्रदेश सरकारले स्वीकार्नुपर्छ भन्दै उनीहरु जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको गेट अगाडि टेन्ट बनाएर अनशनमा बसेका थिए ।

# स्थानीय तहका स्वास्थ्य संस्थामा चिकित्सक व्यवस्थापन गरिने

काठमाडौँ, ७ भदौ (रासस) ।

दरबन्दी रिक्त रहेका गाउँपालिकाका स्वास्थ्य संस्थामा चिकित्सक व्यवस्थापन गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले समन्वय र सहजीकरण गर्ने भएको छ ।

मन्त्रालयमा बिहीबार आयोजित प्रदेश र स्थानीय तहको विषयगत समितिको बैठकमा स्थानीय तहमा कर्मचारी समायोजन विषयमा छलफल भएको हो । त्यसैगरी बैठकले कर्मचारी समायोजनमा छुट भएकालाई एक पटकका लागि प्रदेश र स्थानीय तहको सहमतिका आधारमा समायोजन संसोधन गरी मिलान गर्न सूचना आह्वान गर्ने निर्णय गरेको छ ।

बैठकले समायोजन पुल दरबन्दीमा रहेका स्वास्थ्यकर्मीलाई प्रदेश तथा स्थानीय तहमा पठाउने निर्णय गरेको छ । साथै स्थानीय तहमा समायोजन भएका एमडी तथा एमएस विशेषज्ञता हासिल गरेका चिकित्सकलाई प्रदेशभित्र आवश्यक परेको ठाउँमा खटाउन प्रदेश सरकारलाई अधिकार दिनेसमेत निर्णय गरेको छ ।

बैठकमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेलले आधारभूत स्वास्थ्य सेवा संविधानमा सुनिश्चित भए पनि त्यसलाई प्रभावकारी रूपमा कार्यन्वयन भएका छन् वा छैनन् भन्नेमा समीक्षा गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, “उपलब्ध भएका साधन स्रोतलाई कसरी अधिकतम रुपमा प्रयोग गरेर लाभ लिन सक्छौँ’ भन्नेमा समीक्षा आवश्यक छ । एकीकृत कार्यप्रणालीबाट जाने हाम्रो लक्ष्य हो । कार्यक्रममा दोहोरोपना हुन नदिने हो ।”

बैठकले हैजा, डेङ्गी तथा झाडापखालालगायत सङ्क्रामक रोगको महामारी तथा अरु स्वास्थ्य जोखिमसँग जुध्न सङ्घदेखि वडासम्मै द्रुत प्रतिकार्य टोली सक्रिय राख्ने निर्णय पनि गरेको छ । अब स्थानीय तहका आधारभूत अस्पतालको नामकरण गाउँपालिकाको नाम, आधारभूत अस्पताल स्थान र जिल्ला रहनेगरी तय हुने निर्णय गरेको छ ।

### भारतीय यात्रु बोकेको...

चंदना राणे, सुधाकर जावके, रोहिणी जावके, विजया कुडु जावके, भारती प्रकाश जावके, सागर जावके, तुल्सीराम तायडे, शरण तायडे, भंगरण राणे, प्रकश कोखी, रेखा कोखी, संदिप सरोडे,, पसवी सरोडे, गोकर्णी सरोडे, हेमराज सरोडे, रुपाक्षी सरोडे, अनुप सरोडे, गणेश भांरबे, मिलन भांरवे, सुलभा भांरवे, बिजसा जावसे, भारती भिरुक, शारदा पाटीह, नित्ठोमा जावरे, कुमुदिनी झाँवर, धानेन्दधर बोड, आशा बोड, आशा बावस्कर, आशाखा पांडुरंग, सुनिस धाँडे, सरोज भिरुड, पंकज भंगादे र वर्षा भंगादेलगायत परेका थिए ।

# शर्तसहित टिकटक खोल्न दिने सरकारको निर्णय

काठमाडौँ, ७ भदौ (रासस) ।

नेपाल सरकारले शर्तसहित सामाजिक सञ्जाल ‘टिकटक’ खोल्न दिने निर्णय गरेको छ

नेपाल सरकार-मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले सो निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले जानकारी दिनुभयो ।

सबै सामाजिक सञ्जाललाई समान व्यवहार गर्न र आवश्यक नियम, कानुन बनाउन गत साउन २४ गते सञ्चारमन्त्री, सचिव र नेपाल दूरसञ्चार प्राधिकरणका अधिकारीको छलफलमा प्रधानमन्त्री केपी शर्मा ओलीले दिनुभएको निर्देशनका आधारमा सञ्चार मन्त्रालयले उक्त प्रस्ताव तयार गरेको थियो ।

टिकटकको प्रयोग गरेर बिकृती बढाएको भनी टिप्पणी भएपछि तत्कालीन सरकारले गत कत्तिक २७ गते टिकटिकमाथि प्रतिबन्ध लगाएको थियो ।



सावधान !
अमूल्य छ जीवन

डेंगुको प्रकोपबाट बच्न अपनाउनुपर्ने उपायहरु:

लामखुट्टे नियन्त्रण: पानी जम्न नदिनुहोस्, कीटनाशक प्रयोग गर्नुहोस्, र मच्छरदानीको प्रयोग गर्नुहोस्।

सुरक्षित कपडा: लामो बाहुला र लामो पाइन्ट लगाउनुहोस् ताकि लामखुट्टेले टोक्न नपाओस्।

लामखुट्टे भगाउने उपायहरु: लामखुट्टे भगाउने क्रीम वा स्प्रे प्रयोग गर्नुहोस्, र घरभित्र र वरपर सफा राख्नुहोस्।

अनुरोधकर्ता : बलान बिहुल गाउँपालिका, सप्तरी

सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व

- सूचनाको हकको सम्मान र संरक्षण,
- सूचनाको अद्यावधिक र सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी कार्यसम्पादन,

सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : खडक नगरपालिका, सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*